का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ असार २०८१,
शुक्रबार
28 June 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १३६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## पास-फेलमै फर्कियो एसईई

# ५२ प्रतिशत विद्यार्थीले कक्षा ११ पढ्न नपाउने


माध्यमिक शिक्षा परीक्षा (एसईई)को २०७१ सालपछि पहिलो पटक पास र फेलसहितको नतिजा निकालिएको हो । जसमा ५२ प्रतिशत विद्यार्थी अनुतीर्ण भएका छन् । जसले कक्षा ११ पढ्न पाउने छैनन् ।



परीक्षा लिएर कन्ट्रोल गर्न मात्रै खोज्दा प्रतिफल राम्रो आएन । प्रतिफल सुधार्न पढाइ, सिकाइ, बुझाइबारे विश्लेषण र समीक्षा आवश्यक छ ।

■ **प्रा.डा. टंकनाथ शर्मा**
शिक्षाविद्






**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असार ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ५२ प्रतिशत विद्यार्थी नन ग्रेडेड (फेल) भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले बिहीबार सार्वजनिक गरेको एसईईको नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना (४७.८६ प्रतिशत) विद्यार्थी भने पास भएका छन् ।

बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार १८६ जनाले चार जीपए ल्याएका छन् । २२१ जनाको परीक्षा रद्द गरिएको छ ।

गत चैत १५ गतेदेखि शुरु भएको एसईईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थी सहभागी भएका थिए । एसईईको २०७१ सालपछि पहिलो पटक पास र फेलसहितको नतिजा निकालिएको हो । जसमा ५२ प्रतिशत विद्यार्थी अनुतिर्ण भएका छन् । जसले कक्षा ११ पढ्न पाउने छैनन् । लेटर ग्रेडिङ प्रणालीबाट नतिजा सार्वजनिक गर्न थालिएपछि पास र फेल अंकित नगरी ग्रेडमात्र >>> पृष्ठ २ मा

# समीक्षा प्रतिवेदनले तरंगित रास्वपा

देशका विभिन्न क्षेत्र पुगेर महामन्त्री मुकुल ढकालले तयार पारेको समीक्षा प्रतिवेदन सभापति रवि लामिछानेसमक्ष पेस भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तरंगित भएको छ ।



महामन्त्री मुकुल ढकालले स्वेच्छाले नभएर पार्टी नेतृत्वले केही समस्या छ कि भनेर पत्ता लगाउन खटाएको हो । उहाँले केही कुरा पत्ता लगाएर ल्याएको छु भनेपछि स्वभाविक रुपमा त्यसमाथि गम्भीरतापूर्वक अध्ययन गर्छौं । त्यसआधारमा निष्कर्षहरु निकालिन्छ ।

**शिशिर खनाल**
सांसद, रास्वपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ असार ।

महामन्त्री मुकुल ढकालले तयार पारेको समीक्षा प्रतिवेदन सभापति रवि लामिछानेसमक्ष पेस भएसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र तरंग पैदा भएको छ । देशका बिभिन्न क्षेत्र पुगेर महामन्त्री मुकुल ढकालले समीक्षा प्रतिवेदन तयार पारेका थिए । उनले बुधबार उक्त प्रतिवेदन सभापति लामिछानेलाई बुझाएका थिए ।

उक्त प्रतिवेदनका सन्दर्भमा छलफल गर्न रास्वपाले यही असार १९ गते केन्द्रिय समितिको बैठक बोलाएको छ । जहाँ समीक्षा प्रतिवेदनमाथि छलफल गर्ने कार्यसूची छ । रास्वपाका सांसद शिशिर खनाल महामन्त्री ढकालले पार्टी सभापतिसमक्ष पेश गरेको समीक्षा प्रतिवेदनलाई गम्भीरताका साथ >>> पृष्ठ २ मा

### कांग्रेसको सर्त

# बीआरआईमा राष्ट्रिय सहमति आवश्यक

सरकारले बीआरआई कार्यान्वयन सम्झौताको तयारी गरिरहेका बेला प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले राष्ट्रिय सहमतिका आधारमा मात्रै अगाडि बढ्न सरकारलाई सुझाएको हो ।



नेपालको सन्दर्भमा यसको के लक्ष्य हो ? यसलाई कसरी सम्पन्न गर्नुपर्छ ? यो विषयमा संसदलाई विश्वासमा लिनुपर्ने देखिएको छ । यसकारणले सरकारले बाटो नबिराओस् ।

■ **एनपी साउद**
पूर्वपरराष्ट्रमन्त्री

**शिव विक/मध्यान्ह**
काठमाडौं, १३ असार ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले चिनियाँ सहयोग कार्यक्रम बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) कार्यान्वयन सम्झौताका लागि राष्ट्रिय सहमति हुनुपर्ने सर्त राखेको छ ।

पूर्वपरराष्ट्रमन्त्री एवं नेपाली कांग्रेसका सांसद नारायणप्रसाद (एनपी) साउद कुटनीतिक रुपमा असर पर्ने विषयमा सरकार एक्लै अगाडि बढ्न खोजेको र अपरिपक्क रहेको बताउँछन् ।

'बीआरआई नेपालको सन्दर्भमा यसको के लक्ष्य हो ? यसलाई कसरी सम्पन्न गर्नुपर्छ ?' सांसद साउदले बिहीबार प्रतिनिधि सभाको बैठकमा भने, ' यो विषयमा हाउसलाई विश्वासमा लिनुपर्ने देखिएको छ । यसको बारेमा राष्ट्रिय सहमति भइसकेपछि कुरा अघि बढाउँदा उपयुक्त हुन्छ । सरकारलाई हाम्रो सल्लाह/सुझाव छ । सरकारले बाटो नबिराओस् ।'

चीनका उपविदेशमन्त्री सुन वेइतोङले हालै नेपाल भ्रमण गरे । उपविदेशमन्त्री वेइतोङ नेपाल भ्रमणमा रहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बीआरआई कार्यक्रम कार्यान्वयनबारे >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगार व्यवसायी संघको आसन्न साधारण सभा

# छाता संगठनप्रति उदासिनता कि गलत राजनीतिक प्रवृत्ति ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३०औं वार्षिक साधारण सभाका लागि बिहीबारसम्म पौने तीन सय व्यवसायीले प्रतिनिधि पठाएका छन् । आगामी असार १७ गते हुने साधारण सभामा भाग लिन संघले दुई हप्ता अगाडिदेखि नै निरन्तर सार्वजनिक सूचना जारी गरेर तोकिएको वार्षिक सदस्यता शुल्कसहित प्रतिनिधि पठाउन आग्रह गरिरहेको छ ।

संघका सचिव कर्णराज कटुवालले संघको कार्यसमिति पदाधिकारी र सदस्यबाहेक बिहीबारसम्म पौने तीन सय प्रतिनिधि आएको भन्दै शुक्रबार साँझसम्म अन्य व्यवसायीले प्रतिनिधि पठाउने अपेक्षा गरिएको बताए । संघले प्रतिनिधि पठाउन तोकेको समयमा प्रतिनिधि नआएपछि पटक-पटक समय लम्ब्याउने गरेको छ । तर पनि अपेक्षित संख्याका म्यानपावर कम्पनीले प्रतिनिधि पठाएको देखिएको छैन ।

वैदेशिक रोजगार विभागमा दर्ता रहेकामध्ये करिब एक हजार म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा कामदार पठाइरहेका छन् । विभागमा दर्ता रहेकामध्ये ३७ वटा निष्क्रिय छन् भने एउटा निलम्बनमा परेको छ । जेठमा ७ सय ५४ म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा कामदार पठाएका थिए । उनीहरू सबैजसो संघका सदस्य रहेका छन् । तर यस पटकको साधारण सभाका लागि कूल व्यवसायीमध्ये एकतिहाइ हाराहारीले मात्रै सदस्यता शुल्क बुझाएर प्रतिनिधि पठाउनुले छाता संस्थाप्रति व्यवसायी उदासीन बनेका त होइनन् ? भन्ने प्रश्न पनि उठेको छ ।

सबैजसो म्यानपावर कम्पनी काठमाडौं र ललितपुरमा रहेका छन् । उनीहरू आधा घण्टाको अवधिमा संघको सिनामंगलस्थित कार्यालयमा पुग्न सक्ने अवस्था छ । तर संघले प्रतिनिधि >>> पृष्ठ २ मा

**HEAVY TRUCK DRIVER हरूलाई यूएईमा रोजगार**

कम्पनी: TRUKKER PRIME TRANSPORT LLC    शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०४/१०    चलानी नं.: ६०२०५१९५    L.T. No.:289949    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 20 | 0 | स. काममा दक्ष | 2000 | ७२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

नोट: Dubai Licence Valid or Expire लाई पहिलो प्राथमिकता दिइने छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:tinkunedestinyhr@gmail.com
Mob: 9863911244, 9860405352, 9851105190, 9857043161

**रोजगारीको सुवर्ण अवसर**

नेपाल सरकार CTEVT बाट मान्यता प्राप्त यस **ग्लोबल ट्रेनिङ्ग ईन्स्टिच्युट प्रा.लि., सिफल काठमाडौं**ले स्वदेश तथा वैदेशिक रोजगारीका लागि Construction Sector तर्फ दक्ष कामदारहरु उत्पादन गर्ने उदेश्यले विभिन्न सीपमूलक तालिमहरु संचालन गर्दै आएको र सोको लागि देहाएका Foreman/Trainer यथासीघ्र पदपूर्ति गर्नुपर्ने भएकोले योग्य तथा ईच्छुक नेपाली नागरिकलाई hr.globalti@gmail.com मा बायोडाटा पठाई आवेदन दिनुहुन वा ९८०१२४७२९३ मा सम्पर्क गरी सिधै कार्यालयमा आई आवेदन दिनुहुन सूचित गरिन्छ ।

**1. Civil (Carpenter/Steel Fixer/Mason) – 2**
**2. MEP (Mechanical, Electrical & Plumbing)– 2**
**3. Scaffolder– 2**
**4. Mechanical (Welding & Fabricator) –2**

**योग्यता तथा अनुभव:**
(क) CTEVT Diploma वा Middle East (मध्यपूर्व) वा अन्य देशमा Foreman/ Supervisor तहमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव ।
(ख) काममा योग्य भई वैदेशिक रोजगारीमा जान नपाई बसेका ४० वर्षभन्दा माथिकाले पनि आवेदन दिन सक्ने ।
(ग) Part Time तथा Full Time काम गर्ने सुविधा भएको ।
(घ) सम्बन्धित पेशामा दक्ष तथा Level 2+ अंग्रेजी भाषा बोल्न, लेख्न र पढ्न सक्ने ।
(ङ) उचित पारिश्रमिक, भत्ता र अन्य सुविधा योग्यता तथा अनुभवको आधारमा तय गरिने छ ।

Global TRAINING INSTITUTE PVT LTD

**ग्लोबल ट्रेनिङ्ग ईन्स्टिच्युट प्रा.लि.**
सिफल, काठमाडौं फोन नं.९८०१२४७२९३
Email:hr.globalti@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१४ असार २०८१, शुक्रबार
28 June 2024, Friday

# पुस्तकालयसम्बन्धी ऐन, कानून बनाउन सरकारले सहयोग गर्ने

**काठमाडौं /मस–** कानून, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरिले पुस्तकालयसम्बन्धी ऐन, कानून निर्माणका लागि सरकारले सहयोग गर्ने बताएका छन् ।

'पुस्तौं पुस्ताका लागि पुस्तकालय' भन्ने मूल नाराका साथ बिहीबारदेखि शुरु भएको सार्वजनिक तथा सामुदायिक पुस्तकालयको प्रथम बागमती प्रदेश सम्मेलनको उद्घाटन गर्दै उनले पुस्तकालय व्यवस्थापनका क्षेत्रमा आवश्यक ऐन, कानून निर्माणका लागि सरकारले सहयोग गर्ने बताएका हुन् । 'देशभरका पुस्तकालयलाई एकैलयमा सञ्चालन गर्न आवश्यक पर्ने ऐन, कानुनको ड्राफ्ट शिक्षा मन्त्रालयले निर्माण गर्छ, त्यसलाई अन्तिम रुप दिन कानून मन्त्रालयले सहयोग गर्छ', मन्त्री गिरिले भने । पुस्तकालयलाई समयसापेक्ष रुपमा प्रविधिमैत्री बनाएर अगाडि लैजानुपर्ने उनको धारणा थियो ।



पछिल्लो समय पुस्तकालय गएर पढ्ने संस्कृति हराउँदै गएकोमा उनले चिन्ता व्यक्त गरे । सामाजिक सञ्जालमा लेखेको भरमा धारणा र दृष्टिकोण बनाउने परि पाटी हुनु दुःखद भएको उनको भनाइ थियो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.गोविन्दराज पोखरेलले पुस्तकालय किताब राख्ने र पढ्ने थलो मात्र नभएर सभ्यतासमेत भएको उल्लेख गरे । 'पुस्तकालय पढ्ने संस्कृतिको विकास हो, यसले संस्कृति र सम्पदाको संरक्षणसमेत गरेको छ', उनले भने । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव यादवचन्द्र निरौलाले नेपालको पुस्तकालयको इतिहास दुई सय १३ वर्ष पुरानो भए पनि पुस्तकालयको जुन हिसाबले विकास हुनुपर्ने त्यो नभएको बताए ।

नेपाल सामुदायिक पुस्तकालय सङ्घका अध्यक्ष सन्तोष रावल, संस्थापक अध्यक्ष बासु ढुंगानालगायतले देशभरका पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न पुस्तकालयसम्बन्धी ऐन, कानुनको आवश्यकता रहेकोमा जोड दिएका थिए । गीवार्ण विक्रम शाहको पालादेखि नेपालमा पुस्तकालयको सुरुवात भएको मानिन्छ । राज्यले एक स्थानीय तह, एक पुस्तकालय अभियान घोषणा गरेपनि उक्त अभियान कार्यान्वयन हुन नसकेको नेपाल सामुदायिक पुस्तकालय सङ्घका महासचिव राजेन्द्रप्रसाद पाण्डेयको भनाइ छ । उनले केही पुस्तकालयका कारण सदियौंदेखि सञ्चालन हुँदै आएका पुस्तकालय ओझेलमा पर्दै गएको बताए ।

## सन्धिखर्कको बजेट

# फ्रि–वाइफाइदेखि सडक कालोपत्रेसम्म

**सुर्य प्रसाद भुसाल /मध्यान्ह**
अर्घाखाँची, १३ असार



अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १ अर्ब ७ करोड ११ लाख १७ हजार रूपैयाँको बजेट पारित गरेको छ ।

नगरपालिकाको १६ औं नगर सभामा नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले पेस गरेको बजेट सर्वसहमतिले नगरसभाले पारित गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले जानकारी दिए ।

सन्धिखर्क नगरपालिकालाई कृषि, पशुपालन र पर्यटन प्रवर्द्धनको माध्यमबाट विकास गर्ने र सन्धिखर्क नगरपालिकाको शान्ति बगैंचा टुँडिखेल चुत्राबेसीमा मानिसहरुको बढी उपस्थित हुने ठाउँहरुमा फ्रि वाइफाई जडान गर्ने, सबै सडक कालोपत्रे गर्ने, अक्सफाल पिचलाई निरन्तरता दिने गरी आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट पारित गरिएको नगरपालिकामा आयोजित पत्रकार सम्मेलनमा नगरपलिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

सन्धिखर्क नगरपालिकाको कुल विनियोजन बजेटमध्ये ७३ करोड ३७ लाख ९० हजार अर्थात् ६८.५ प्रतिशत रहेकोमा सशर्ततर्फ अनुदान चालू खर्च ३८ करोड ६ लाख २० हजार अर्थात् ३५.५३ प्रतिशत र नगरपालिका तर्फको चालू खर्च १५ करोड ८७ लाख ३४ हजार अर्थात् १४. ८२ प्रतिशत रहेको नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले बताइन् ।

नगरपालिकाको कुल विनियोजन बजेटमध्ये पुँजिगत खर्च ३३ करोड ७३ लाख २७ हजार अर्थात् ३१.५ प्रतिशत र सामाजिक सुरक्षातर्फ १९ करोड ४४ लाख ३६ हजार अर्थात् १५. १८ प्रतिशत रहेको र सो बजेट नगरपालिकाले साउन १ गतेदेखि कार्यान्वनयन गर्ने नगरपालिकाका प्रमुख श्रेष्ठले बताए । त्यस्तै आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतमध्ये सञ्चित कोष र अन्य कोषबाट ४ करोड १७ लाख २६ हजार आन्तरिक राजश्वबाट ३ करोड २० लाख संघीय सरकार लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने १३ करोड १७ लाख ६२ हजार, संघीय सरकार प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने १४ करोड १५ लाख ५९ हजार रुपैयाँ तथा सशर्त अनुदानतर्फको अन्तर सहकारी वित्तीय हस्तान्तरण अन्तरसहकारी अख्तियारीबाट ७२ करोड ४० लाख ७० हजार रुपैयाँ व्यहोर्ने गरी बजेट पारित गरिएको हो । सन्धिखर्क नगरपालिकाले भौतिक संरचना अन्तर्गत सन्धिखर्क नगरपालिका वडा नम्बर ५, वडा नम्बर ६/७/८ र १२ वडा कार्यालय भवन यसै वर्ष सम्पन्न गर्ने छ । कार्यक्रम मुक्तिराम खनालको सञ्चालनमा सम्पन्न भएको हो ।

## जुम्लाको सातौं जिल्ला सभा

# १० वटै निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता



**जुम्ला /मस–** जिल्ला समन्वय समिति जुम्लाको सातौं जिल्ला सभा सम्पन्न भएको छ । जिसस जुम्लाका प्रमुख गौरी नन्द अचार्यको अध्यक्षता र पूर्व राज्य मन्त्री तथा माओवादी केन्द्रकी केन्दीय सदस्य गोमा गौत्तम कुँवरको प्रमुख आतिथ्यतामा सभा सम्पन्न भएको हो । जिल्ला सभाले जुम्लाको विकासका लागि महत्वपूर्ण १० वटा निर्णय गरेको छ । सातौं जिल्ला सभाले विपद् पूर्व तयारी राहत तथा उद्वारका लागि सम्पूर्ण पालिकाहरुले प्रभावकारी व्यवस्थापन एवम् प्रबन्ध मिलाउने, वातावरण संरक्षण ऐन नियमावलीको प्रावधान बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र योजना कार्यान्वयन गर्ने/गराउने निर्णय गरेको छ ।

त्यस्तै अनुगमन कार्यलाई सघन एवं प्रभावकारी बनाउन आवश्यक समन्वय कायम गर्ने, जिल्लाका विभिन्न राजमार्ग, पर्याटकीय गन्तव्य स्थलहरुको स्पष्ट जानकारीसहित पालिकाका आवश्यक एवं उपयुक्त स्थानहरुमा जानकारी बोर्ड राख्ने, चालु आ.व को आयव्याय अनुमोदन समर्थन एवं आगामी आ.व को प्रस्तावित आय-व्याय पारित गर्ने निर्णय गरिएको छ । त्यस्तै जिल्ला समन्वय अधिकारी टेक बहादुर बुढ्थापाले जिल्ला समन्वय समितिको हक भोग र स्वामित्वमा रहेको हालको समन्वय समितिको कार्यालयसँग जोडिएको जग्गामा सघन सहरी तथा भवन निर्माण आयोजना जुम्लालाई बहुउद्देश्य भवन निर्माण योजना कार्यान्वयनका लागि आवश्यक जग्गा उपलब्ध गराउने निर्णय समेत गरिएको छ ।

### ५२ प्रतिशत...

सार्वजनिक गरिन्थ्यो । कम अंक ल्याउने विद्यार्थीहरूको हकमा समेत माथिल्लो कक्षा पढ्न पाउने अवस्था थियो ।तर, यसपटक भने 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागु भएसँगै नतिजामा पास र फेलको विवरण दिइएको हो । यो सँगै एसईईको नतिजा २०७१ साल अघिकै अवस्थामा अर्थात, पास र फेलमै फर्किएको छ ।

२०७२ सालदेखिको नतिजा लेटर ग्रेडिङ अनुसार हुँदै आएको थियो । विद्यार्थीहरूलाई ग्रेडअनुसार नै कक्षा ११ मा पढ्न पाउने व्यवस्था गरिएको थियो ।यो वर्षदेखि भने सैद्धान्तिक र प्रयोगात्मकमा कम्तीमा ३५ प्रतिशत अंक नल्याउने विद्यार्थीको प्रमाणपत्रमा 'एनजी' (नन ग्रेडेड) आउनेछ । उनीहरूले कक्षा ११ मा पढ्न पाउने छैनन् । बढीमा दुई विषयमा एनजी आएका विद्यार्थीहरूले एक महिनाभित्र हुने ग्रेड बृद्धि परीक्षामा सहभागी भएर ग्रेड बृद्धि गर्न पाउनेछन् । दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले अर्को वर्ष हुने एसईई परीक्षामा सबै विषयको परीक्षा दिनुपर्ने बोर्डले जनाएको छ ।

बोर्डले सार्वजनिक गरेको तथ्याङ्क अनुसार एक लाख १५ हजार ८३४ विद्यार्थीले ग्रेड बृद्धि परीक्षा दिन पाउनेछन् ।

शिक्षाविद् प्रा.डा. टंकनाथ शर्मा कमजोर शिक्षा प्रणालीको प्रतिफल एसइई नतिजा भएको बताउँछन् । उनी भन्छन्, 'परीक्षा लिएर कन्ट्रोल गर्न मात्रै खोज्दा प्रतिफल राम्रो आएन । प्रतिफल सुधार्न पढाई, सिकाइ, बुझाइबारे विश्लेषण र समीक्षा आवश्यक छ ।'

तुलनात्मक रुपमा सुदुरपश्चिम प्रदेशका विद्यार्थी सबैभन्दा धेरै फेल भएका छन् । प्रतिशतका दृष्टिमा बागमती प्रदेशका विद्यार्थी सबैभन्दा धेरै पास भएका छन् ।

सुदुरपश्चिम प्रदेशमा ५३ हजार ४ सय ४६ जनाले परीक्षा दिएका थिए । त्यसमध्ये ३६ हजार ४ सय १० जनाको नतिजा एनजी छ । यो ६८ दशमलब १२ प्रतिशत हो । सुदुरपश्चिम प्रदेशमा ३१.८७ प्रतिशत विद्यार्थी मात्रे पास भए ।

बागमतीमा ६६ प्रतिशत विद्यार्थी पास भए । कोशी प्रदेशका ४७ प्रतिशत विद्यार्थी पास भए । मधेश प्रदेका ४६, गण्डकीका ५०, लुम्बिनीका ३९ र कर्णालीका ४२ प्रतिशत विद्यार्थी पास भए ।

### समीक्षा...

अध्ययन गरिने बताउँछन् । बिहीबार नयाँ बानेश्वरस्थित संघीय संसद भवनमा सञ्चारकमीहरुसँग कुरा गर्दै खनालले पार्टी कमजोर भयो कि भन्ने आवाज पार्टीभित्र उठेकाले नै महामन्त्री ढकाललाई समीक्षा यात्रामा पठाइएको बताए ।

'स्वभाविक रुपमा अहिले चारैतिर हामी कमजोर भयौं कि भन्ने आवाजहरु हाम्रै पार्टी पंक्तिका साथीहरुले नभनेका कुरा चाहीँ होइनन् । महामन्त्रीले जुन प्रतिवेदन हिजो सभापतिलाई बुझाउनुभयो, इलामको निर्वाचनपछि पार्टी सचिवालयले यही कुरा पत्ता लगाउन भनेर पार्टीले नै उहाँलाई खटाएको हो' उनले भने

उनले महामन्त्रीलाई पार्टीको अवस्था पत्ता लगाउनका लागि नै यात्रामा पठाइएको बताए । तयार प्रतिवेदनको गम्भीरतापूर्वक अध्ययन गरिने र निष्कर्ष निकालिने उनले बताए ।'उहाँ स्वेच्छाले भन्दा पनि पार्टीको नेतृत्वले नै केही भइरहेको छ कि ? केही समस्या छ कि भनेर पत्ता लगाउन खटाएको हो । उहाँले केही कुरा पत्ता लगाएर ल्याएको छु भनेपछि स्वभाविक रुपमा त्यसलाई हामीले अत्यन्त गम्भीरतापूर्वक अध्ययन गर्छौं । अध्ययनको आधारमा निष्कर्षहरु निकालिन्छ' खनालले भने । महामन्त्री मुकुल ढकालले पार्टीको राजनीतिक अवस्थाको समीक्षा गर्न भन्दै गत जेठ ६ गतेदेखि समीक्षा यात्रा सुरु गरी ३८ जिल्ला पुगेर गरेको समीक्षा प्रतिवेदन बुधवार सभापति रवि लामिछानेलाई बुझाएका थिए ।

प्रतिवेदनमा पूराना राजनीतिक दलहरुसँगको सहकार्यको विषय उठाइरहेको छ । अहिलेको अवस्थामै अगाडि बढे २०८४ को चुनावमा राष्ट्रिय पार्टी बन्न नसक्ने भनिएको छ । यही विषयले राजनीतिक तरंग ल्याएको हो ।

साथै, काठमाडौं महानगरपालकाका मेयर बालेन साहसँग दूरी बढाए थप क्षति : हुने पनि प्रतिवेदनको सार छ । महामन्त्री ढकालले काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका बालेनसँग सहकार्य गरेर अघि बढ्नुपर्ने निष्कर्षसहितको प्रतिवेदन तयार गरेका हुन् । रास्वपाले बालेन सहित धनगढी उपमहानगरपालिकामा निर्वाचित मेयर गोपी हमालसँग पनि सहकार्य गर्नुपर्ने प्रतिवेदनमा लेखेका छन् । बालेन, धनगढीका मेयर गोपी हमाल र रास्वपाबीच सहकार्य भएमा २०८४ को चुनावमा बहुमत ल्याउन सकिने पनि महामन्त्री ढकालको दाबी छ ।

### कांग्रेसको...

सम्झौता गर्ने अन्तिम तयारी भएको बताएका थिए । 'बीआरआईलाई अघि बढाउने योजनालाई अन्तिम रुप दिने विषयमा छलफल भएको छ । अब यो प्लानलाई अगाडि बढाउनेबारे अन्तिम काम भइरहेको छ । मलाई लाग्छ छिट्टै यो विषयमा सम्झौता हुन्छ' असार ११ गते प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रचण्डले भनेका थिए ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा पार्टीका तर्फबाट बोल्दै कांग्रेसका सांसद साउदले प्रधानमन्त्रीको अभिव्यक्तिमाथि आशंका गरे ।

राजनीतिक रुपमा सहमति कायम नगरी, राष्ट्रिय सहमति नजुटाई बीआरआईको विषयमा सरकार बोलेको र यो अपरिपक्क कुटनीतिको उदाहरण भएको सांसद साउदको टिप्पणी छ ।

सरकारले बीआरआईबारे प्रमुख प्रतिपक्षीसँग छलफल नै नगरेको पनि सांसद साउदले दोहोऱ्याए ।

'चीनबाट आउनुभएका विदेशमन्त्रीसँग भएको कुराकानी, बीआरआईमा सम्झौता गर्ने कुरा कुन चरणमा, कसरी कहाँ पुगेको छ भन्ने बारेमा कुनैपनि राजनीतिक राजनीतिक दलहरु विशेषगरी प्रमुख प्रतिपक्षसँग संवाद र छलफल भएको छैन' उनले भने ।छिमेकीहरुसँग, विश्व शक्तिराष्ट्रहरुसँग राष्ट्रिय सहमतिका साथ व्यवहार गर्नुपर्नेमा यसो हुन नसके नेपालको छवी धुमिल हुनेतर्फ ख्याल गर्न सरकारलाई उनको सुझाव छ ।

कुनैपनि कुटनीतिक व्यवहार गर्दा नेपालको राष्ट्रिय सहमति लिएर मात्रै अगाडि बढ्न सरकारलाई कांग्रेसको आग्रह छ । बीआरआईमा पनि राष्ट्रिय सहमति जुटाएर मात्रै अगाडि बढ्न सुझाएको छ ।

कांग्रेसकै सांसद राजेन्द्र बजागाईंले नेपाल र चीनबीच भएको बीआरआई सम्झौताको एमओयू संसदमा पेश गर्न माग गरे ।

'सन् २०१७ मे १२ मा एमओयू साइन भएको थियो, त्यो डकुमेन्ट हाम्रो संसदमा उपलब्ध छैन, त्यो हामी सार्वभौम नेपालीले हेर्ने गरी र सार्वभौम संसदले पढ्ने गरी उपलब्ध गराइदिन रुलिङ होला भन्ने अपेक्षा गरेको छु' प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने ।

नेपालले सन् २०१४ मा यो परियोजनामा सैद्धान्तिक सहमति जनाएको थियो भने सन् २०१६ मार्च २१ मा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्ट हुँदै सन् २०१७ मे १२ मा बीआरआई परियोजनामा हस्ताक्षर भएको थियो ।

तर, बीआरआई अन्तर्गत कार्यान्वयन गरिने परियोजना हालसम्म छनोट हुन सकेको छैन । कांग्रेस सभापति शेरबहादुर देउवाले आफू प्रधानमन्त्री हुँदा ऋण लिने गरी बीआरआई परियोजना अगाडि बढाउन नसकिने बताएका थिए ।

२७ असार २०७९ मा चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जियान चाओसँग प्रधानमन्त्री निवास वालुवाटारमा भएको संवादका क्रममा देउवाले चीनबाट ऋण नभई अनुदान मात्र स्वीकार गर्न चाहेको बताएका थिए । त्यसपछि यो परियाजना अगाडि बढाउने प्रयास रोकिएको थियो । प्रचण्ड प्रधानमन्त्री भएपछि बीआरआई पुनः अगाडि बढाउन खोजिएको छ । यसमा कांग्रेसले ऋण नलिने नीति लिनुपर्ने बताउँदै आएको छ भने नेकपा एमाले र माओवादी केन्द्र ऋण समेत लिन सकिने गरी अगाडि बढाउन चाहन्छन् । हाल एमाले र माओवादी केन्द्रसहितको सत्ता समीकरण छ ।

बीआरआई चिनियाँ राष्ट्रपति सी जिङपिङले सन् २०१३ मा घोषणा गरेको परियोजना हो । यसले विश्वमा रहेका देशहरु सँगसँगै विकासमा अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्दछ । तर, अमेरिकासहितका पश्चिमा मुलुकहरुले यो परियोजनालाई चीनको स्वार्थ सहितको रणनीतिक योजनाको रुपमा लिने गरेका छन् ।

### वैदेशिक...

पठाउन एक पटक नभइ पटक-पटक बिभिन्न माध्यमबाट सूचना जारी गर्दा पनि समयमा प्रतिनिधि नपठाउने प्रवृत्ति किन देखिएको छ ? कतिपयले यसलाई व्यवसायीमा मौलाएको गलत राजनीतिक सोच र अटेर गर्ने प्रवृत्ति भनि टिप्पणी गर्ने गरेका छन् ।

व्यवसायीका बीचमा समस्या पर्दा छातासंस्था संघलाई बलियो र प्रभावकारी बनाउने विषयमा छलफल हुने गरेको छ । तर त्यसले निरन्तरता पाउन सकेको छैन । आफ्नै भवनको पटक-पटक कुरा उठेपनि संस्था स्थापनाको तीन दशक लामो अवधि व्यतित भइसक्दा पनि संघले आफ्नो भवन बनाउन सकेको छैन ।

व्यवसायीले मुलुकको अर्थतन्त्रमा रेमिट्यान्समार्फत एकतिहाइ हिस्सा र मुलुकको ५६ प्रतिशत घरधुरीमा रेमिट्यान्स पुऱ्याएको गर्वका सात दाबी गर्ने गरेका छन् । तर समयमा संस्थाको शुल्क बुझाउने, प्रतिनिधि पठाउने र संस्थालाई आर्थिक र प्रशासनिकरूपमा बलियो बनाउने विषयमा तदारुकता भने नदेखिएको केही युवा व्यवसायीको गुनासो छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/१२/०९ मा दर्ता भएको **प्रा.लि. नं. ८१७६७** को **स्टेण्डर्ड मेडिको एण्ड हेल्थ केयर सेन्टर प्रा.लि.** को मिति २०८१/०२/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

**चिशंखुगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सेर्ना, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मितिः २०८१/०३/१४**

मिति २०८१/०१/२५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा e–GP system मा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक E–bid submission मार्फत पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्रहरू स्वीकृतीका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र प्रोभिजनल बाहेक) |
|---|---|---|---|
| 1 | (CRM/NCB/WORK/07/080/81) Repair and Maintenance of Road From Bhadaure to Rabuwa (Dhuseni). | Subodha / Sirjanshil JV | ६८,५६,६१०.००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०२/१४ मा दर्ता भएको **प्रा.लि.नं. १९०३६३** को **दिप्लुङ बेकर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१२/२७ मा दर्ता भएको **प्रा.लि.नं. २६१८१६** को **शितगंगा एग्रो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Cyprus मा महिला तथा पुरुषहरूलाई रोजगारको अवसर**

१.कम्पनीः **V.Varnava Employment Agency., Cyprus ,Deryneia**
पूर्व स्वीकृती मितिः २०८१।३।१३ | चलानी नं. ६०२२१६३२ | LT.No. 306850

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 05 | 05 | सम्बन्धित काममा दक्ष | 550 | ७८,३८०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Baker | 07 | 0 | | 550 | ७८,३८०।- | | | | | | | |
| 3 | House keepers | 0 | 03 | | 550 | ७८,३८०।- | | | | | | | |

२.कम्पनीः **Global Tree Recruitment, Paphos, Cyprus.**
पूर्व स्वीकृती मितिः २०८१।३।१३ | चलानी नं. ६०२२१६३० | LT.No. 306851

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air-Condition Technician | 05 | सम्बन्धित काममा दक्ष | 800 | १,१४,००८।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Electrician | 05 | | 900 | १,२८,२५९।- | | | | | | | |
| 3 | Aluminium Fabricator | 05 | | 900 | १,२८,२५९।- | | | | | | | |
| 4 | Plumber | 05 | | 900 | १,२८,२५९।- | | | | | | | |

३.कम्पनीः **Mavromatis Employment Bureau Ltd., Cyprus , Laranca**
पूर्व स्वीकृती मितिः २०८१।३।१३ | चलानी नं. ६०२२१६३१ | LT.No. 306852

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 25 | काममा दक्ष | 1050 | १,४९,६३५।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनीः **Ero Christoforou Private Employment Agency., Cyprus, Paphos**
पूर्व स्वीकृती मितिः-२०८०।११।२९ | चलानी नं. ६०२१६३२३ | LT.No. 301326 | पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA Attendant | 4 | काममा दक्ष | 900 | १,२८,२५९।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १,५००।– | रु.३०,०००।– |

**अन्तर्वार्ता २०८१ असार २१ गते (5 July, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

# आगलागी भएको ठाउँमा दमकल नगएको भन्दै चन्दननाथ नगरपालिकामा तोडफोड

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १३ असार



आगलागी भएको ठाउँमा दमकल नगएको भन्दै चन्दननाथ नगरपालिकाको कार्यालयमा तोडफोड गरिएको छ। जिल्ला प्रहरी कार्यालय जुम्लाका अनुसार चन्दननाथ नगरपालिका-६ मा रहेको ग्यारेजमा बुधबार राति साढे नौ बजेतिर आग्लागी भएको थियो।

चन्दननाथ नगरपालिका-६ कै पदमा आचार्य अधिकारीको ग्यारेजमा अचानक आगलागी भएपछि स्थानीयले आगलागी नियन्त्रणका लागि चन्दननाथ नथगरपालिकाको दमकललाई खबर गरेका थिए। तर नगरपालिकामा रहेको दमाकल बिग्रेको अवस्थामा रहेकाले त्यहाँ जान सकेन। आगो निभाउन दमकल नआएपछि आक्रोशित बनेका छिना र महतगाउँका स्थानीयले नगरपालिकाका सिसा, दमकल र डोजरमा तोडफोड गरेका हुन्।

प्रहरीका अनुसार पुरानो बस्पार्क नजिकै रहेको जस्तापाताले बनाइएको ग्यारेजमा आग्लागी भएको हो। क्षतिको एकिन विवरण आउन बाँकी छ। नगरपालिकामा तोडफोड गर्ने दुई जनालाई प्रहरीले नियन्त्रमा लिएको छ भने अन्यको खोजीकार्य जारी रहेको प्रहरीले बताएको छ। चन्दननाथ नगरपालिकाकी उपमेयर रामदेवी खड्काले नगरपालिकाको दमकल बिग्रिएका कारण आगलागी नियन्त्रणमा नगएको बताइन्। उनले यसको सामान यहाँ नपाइने भएकाले भारतबाट मगाइएको जानकारी दिइन्।

उनले नगरपालिकामा रहेका दामकल, डोजरलगायतका समग्री तोडफोड गर्ने समूहविरुद्ध पालिका कानूनी उपचारमा जाने बताइन्। उनले आफ्नो व्यक्तिगत घरमासमेत ढुंगा प्रहार गरी झ्यालको सिसा फुटाइएको बताइन्। जुम्लाका साहयक प्रमुख जिल्ला अधिकारी दत्तराज हमालले आफूले बिहानमात्र उक्त घटनाबारे जानकारी पाएको बताए। जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले प्रहरी आगलागी भएको ठाउँमा गएको मौका छोपेर केही युवाहरुको समूहले नगरपालिकामा तोडफोड गरेको बताए। उनले तोडफोड गर्ने कार्यमा संलग्न सबैलाई कारबाही हुने बताए।

# गाउँमा सिँचाइ सुविधा पुगेपछि स्थानीय हर्षित

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ असार



अर्घाखाँचीको छत्रदेव गाउँपालिका वडा नम्बर ६ मा रहेको चौवाटारमा सिँचाइ सुविधा पुगेपछि स्थानीयहरु हर्षित भएका छन्।

अर्घाखाँचीकै गौरवको योजनाको रुपमा रहेको यस सिँचाइ कुलो बनेपछि २ सय २० घरधुरीको एक सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख इन्जिनियर भेषराज भुसालले जानकारी दिए।

शुरुको अवस्थाको डीपीआरअनुसारको काम सम्पन्न भएपछि 'कृषिको आधार सिँचाइमा सुधार' भन्ने नाराका साथ जल उपभोक्ता समितिलाई योजना हस्तान्तरण गरिएको छ। चौवामा एक कार्यक्रमको आयोजना गरी जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख भेषराज भुसाल र चौवाटार सिँचाइ जल उपभोक्ता समितिका अध्यक्ष धनीश्वर पाण्डेले हस्ताक्षर गरेपछि कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख छबिन्द्र बेल्वासेले जल उपभोक्ता समितिका अध्यक्ष पाण्डेलाई योजना हस्तान्तरण गरेका हुन्।

सिँचाइ सुविधा पुगेको यस स्थानमा मौसमी तथा बेमौसमी कृषि गरेर राम्रो उत्पादन लिन कोलेनिका प्रमुख बेल्वासेले सबै उपभोक्तालाई आग्रह गरे। गाउँपालिकाकै गौरवको योजनाको रुपमा रहेको यो योजनाले कृषकहरुमा उत्साह थपेको तथा उत्पादनमा समेत वृद्धि हुने छत्रदेव-६ का वडाध्यक्ष कमल पौडेलले बताए।

योजना हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघका लुम्बिनी प्रदेश सदस्य प्रेमनारायण आचार्य, कृषक धनीश्वर पाण्डेलगायतले पनि आ-आफ्नो धारणा राखेका थिए। चौवाटार सिँचाइ योजना जल उपभोक्ता समितिका अध्यक्ष धनीश्वर पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा सिँचाइ कार्यालयका लेखापाल शिवहरी खनालको स्वागत मन्तव्य रहेको थियो। कार्यक्रम रामजी भट्टराईले सञ्चालन गरेका थिए।

# रौतहट पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ असार

रौतहटलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ। गरुडामा एक कार्यक्रमका बीच रौतहटलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो।

जिल्लामा रहेका १८ वटा स्थानीय तह पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भएपछि रौतहटलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो। जिल्लामा जन्मेदेखि १५ महिनासम्मका सबै बालबालिकाले पूर्ण खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालय रौतहटका प्रमुख विपिन साहले जानकारी दिए।

मधेश प्रदेश सरकारका स्वास्थ्य राज्यमन्त्री केशव रायको सहभागितामा बुधबार जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र प्रदान गरिएको छ।

बालबालिकाले बिसिजी, रोटा, पिसिभी, डिपिटी, हेप-बि, एपआइपीभी, पोलियो दादरा, रुबेला, जापनिज जेइलगायत १३ प्रकारका खोप लगाएको स्वास्थ्य कार्यालय रौतहटले जनाएको छ। कार्यक्रममा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने १८ पालिकालाई सम्मान पत्र र प्रशंसा पत्रले सम्मान गरिएको थियो भने अतिथि तथा सञ्चारकर्मीहरुलाई पनि सम्मान गरिएको थियो।

# विजयनगर गाउँपालिकाको बजेट ६४ करोड २५ लाख

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, १३ असार



कपिलवस्तुको विजयनगर गाउँपालिकाले ६४ करोड २५ लाख ५० हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ। गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले गाउँपालिकाको दोस्रो गाउँसभाको पाँचौं अधिवेशनबाट उक्त बजेट प्रस्तुत गरेकी हुन्।

गाउँसभामा उपाध्यक्ष चौधरीबाट आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक-२०८१ प्रस्तुत गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले जानकारी दिए। गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले नागरिकको स्वास्थ्य बीमा, पर्यटन, कृषि, हरियाली वातावरण र सरसफाइलाई मुख्य प्राथमिकता राखेर बजेट बनाएको बताएका छन्। उनले यस आर्थिक वर्षमा कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको जानकारी गराए। साथै उनले आवश्यकता अनुसार विकासका पूर्वाधारहरुलाई समेत निरन्तरता दिँदै जाने बताए। उनले पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको शंकरपुर काललाई समग्र विजयनगरको पहिचान भएको बताउँदै गौरवको योजना अन्तर्गत संघीय सरकारले यस वर्ष बजेट विनियोजन गरेको जनाए।

अध्यक्ष थापाले सामाजिक विकासलाई गाउँपालिकाले जोड दिएको जिकिर गर्दै गाउँपालिका-६ बद्धौरमा निर्माण भएको १५ शय्याको अस्पताललाई सञ्चालनमा ल्याउने र शिक्षा क्षेत्रमा आवश्यकता अनुसार भौतिक पूर्वाधारको संरचना निर्माणसँगै शैक्षिक गुणस्तरीयतालाई विशेष कार्यक्रममा राखि गाउँपालिकाले अगाडि बढ्ने बताए। यस्तै एक गाउँ, एक कृषि, पशु प्राविधिक नीति तथा कार्यक्रममा समावेश गरिएको अध्यक्ष थापाको भनाइ छ।

# जोखिमपूर्ण यात्रा गर्न बाध्य

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १३ असार



हुम्लाको नाम्खा गाउँपालिका वडा नं. ३ च्याछ्रा भिर र याङ्गार इलिङ डाँडाको सडकमा यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन्।

सिमकोटदेखि चीनको सिमाना हिल्सासम्म आवत-जावतमा उक्त दुई ठाउँ च्याछ्रा भिर र इलिङ डाँडामा जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको गाडी चालक सुन्दर आचार्यले बताए। चालक आचार्यका अनुसार सदरमुकाम सिमकोटदेखि हिल्सासम्म ९४ किलोमिटर सडक पर्दछ। दुई स्थानमा यातायातका साधन आवत-जावत गर्दा सारै जोखिम हुने भएकाले दुर्घटना निम्तिन देखिने सम्भावना रहेको छ। च्याछ्राभिरको करिब तीन सय मिटर सडक अप्ठ्यारो छ। सिमकोटबाट जाँदा उकालो, साघुँरो सडक, बीचमा सडक पानीले चिरा-चिरा पारेको छ।

रातिको समय उक्त सडक पार गर्न नसक्ने अवस्था रहेको ट्याक्टर चालक नाक्पु लामाले बताए। त्यस्तै हिल्साबाट आउँदा सडक ओरालो हुने गाडी चिप्लिने, ब्रेकले काम नगर्ने हुँदा पनि सडकमा आवत-जावत गर्नुपर्ने बाध्यता भएको उनले बताए।

नाम्खा गाउँपालिकाकै वडा नं. ४ को इलिङ डाँडाको सडक पनि च्याछ्राकै अवस्थामा देखिएको छ। इलिङ डाँडाको सडक जाँदा एक तिरको सडकको लेन दविएको र अर्को तिरको सडकको लेन उठेको हुँदा गाडी पल्टिने सम्भावना देखिएको छ। उक्त सडक बीच-बिचमा खाल्डा र एक धारे गरेर यातायातका साधन सञ्चालन गर्नुपर्ने हुँदा यात्रु डरले झरेर पैदल यात्रा गर्ने गरेको देखिन्छ। इलिङ डाँडाको करिब तीन किलो मिटर सडक जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। सदरमुकाम सिमकोटदेखि हिल्सासम्मको सडक हुम्लाकै व्यस्त सडक पर्दछ। हुम्लामा पर्यटन आगमन समय भएकाले उक्त सडकमा विदेशी पर्यटन गाडीमा यात्रा गर्न डराउने हुँदा हेलिकप्टर चार्टर गरेर सिमकोटबाट हिल्सा जान बाध्य भएको एक जना पर्यटकले बताए। सडकको स्तरोन्नति पटक-पटक गरेको भएपनि जस्ताको त्यस्तै देखिन्छ। उक्त सडकमा गाडी, टिपर, मिनि ट्रकलाई खालि सवार गर्न मुस्किल हुँदा माटो भरेर सवार गर्नुपर्ने बाध्यता रहेको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/०९ मा दर्ता भएको **प्रा.लि.नं. २६३७५७/०७७/०७८** को **सीड एण्ड स्प्राउट एग्रो प्रा.लि.**को मिति २०८१/०३/१३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/०९ मा दर्ता भएको **प्रा.लि.नं. २६३७५४/०७७/०७८** को **नेचर फिल्ड्स एग्री प्रा.लि.**को मिति २०८१/०३/१३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/०५ मा दर्ता भएको **प्रा.लि.नं. २५०४४० को दिपकर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **INDO ARAB MANPOWER PVT. LTD.** (इजाजत पत्र नं ७६४/०६५/०६६) मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं | कर्मचारीहरुको पद |
|---|---|---|---|
| १ | Kundan Pokhrel | १०२५/७३४३ | PRO |
| २ | Urmila Karki | २१-०१-७१-४६६७० | Embassy Representative |
| ३ | Dikshya Rijal | २८-०१-७२-०५१७४ | Accountant |
| ४ | Samjhana KC | २८-०१-०६७-०५९९४ | Receptionist |
| ५५ | Suraj Sah | १८-०१-७४-०५०६८ | PRO |

**INDO ARAB MANPOWER PVT. LTD.**
Gov. Lic no:764/065/066
Jawalakhel-20, Lalitpur, Tel:977-1-5439268, 5439269 Fax :5439259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com.np
Mobile : 9801023474 | 9801358369 | 9814970040 | 9702037588
Chitwan branch 056490228, 9855058369

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४९७००५७, पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | GLI0001111 | YUBRAJ BHUSHAL | SIDDHARA VDC. WARD NO. 2 ARGHAKHANCHI |
| 2 | PLI1010010882 | USHA THAPALIYA | BELKOT-2 NUWAKOT |
| 3 | GLI0002134 | SANGITA CHAUDHARY | EPHULBADIYA VDC, WARD NO. 7 SAPTARI |
| 4 | PLI1110001859 | SUSHIL PANT | KATHMANDU-15 KATHMANDU |

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

Documentation : 2 (Male/Female)
Accountant : 1 (Male/Female)
PRO : 2 (Male/Female)

Salary Negotiable

**Requirements:**
Atleast 3 years experienced in the related fields.
SEND YOUR CV: Info@suharaemployment.com
01-015920725

Suhara Foreign Employment Agency Pvt. Ltd.
Govt.Lic.No. 1680/080/081
New Baneshwor- 10, Kathmandu, Nepal

## Birgunj Metropolitan City
## Office of the Municipal Executive

**Birgunj, Parsa**

## Name of Project: Collection and Management of Hospital Waste (Central Treatment Facility) in Birgunj Metropolitan City.

**Date: 28th june 2024**

1. Birgunj Metropolitan City has allocated fund towards the cost of Collection and Management of Hospital Waste (Central Treatment Facility)in Birgunj Metropolitan City and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Birgunj Metropolitan City now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Collection and Management of Hospital Waste(Central Treatment Facility)in Birgunj Metropolitan City. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Birgunj Metropolitan City, Office of the Municipal Executive, Birgunj, Parsa during office hours on or before 16th July 2024 till office hours or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website www.birgunjmun.gov.np .
3. Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 16th July 2024 till 12:00 hours.
5. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
6. EOI will be assessed based on Qualification [40%], Experience [40%], and Capacity [20%] of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
7. Minimum score to pass the EOI is 60.

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ असार २०८१, शुक्रबार
28 June 2024, Friday

## सम्पादकीय

# सत्ता राजनीतिमा अल्झेको टीआरसी

संक्रमणकालीन न्याय झण्डै दुई दशकदेखि राजनीतिक बहसमा छ । द्वन्द्व पीडितहरू न्यायको पखाईमा छन् । तर राजनीतिक दलहरू गम्भीर नबन्दा यो सत्तामा जाने र नजाने विषय बनिरहेको टिप्पणी हुने गरेको छ । यही बेला बिहीबार प्रमुख तीन राजनीतिक दलबीच संक्रमणकालीन न्यायसँग सम्बन्धी (टीआरसी) विधेयकमा छलफल भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा साँझ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सहित शीर्ष नेताहरू छलफलमा जुटे । नेताहरूका अनुसार छलफल सकारात्मक भएता पनि सार्थक परिणाम निकाल्न सकेन । बजेट पारित भएपछि टीआरसी र संघीयता कार्यन्वयनसँग सम्बन्धित विधेयकहरूलाई प्रधानमन्त्री प्रचण्डले संसद्को बिजनेस बनाउन खोजेका छन् । सहमति हुन नसकेको विषयमा संशोधन हाल्ने आफ्नो प्रक्रिया छ । तर प्रमुख राजनीतिक दलहरूबीचमै सहमति कायम होस् भन्ने प्रयास रहेको प्रधानमन्त्री कार्यालयका अधिकारीहरू बताउँछन् । तर फेरि पनि यो सत्ताको भऱ्याङ हुने हो कि भन्ने चिन्ता पीडितहरूमा देखिन्छ ।

कांग्रेससहित गठबन्धनकै बेला अघि बढाउन खोजिएको टीआरसी विधेयक त्यसबेला एमालेको असहमतिका कारण रोकिएको थियो । गत फागुनमा कांग्रेस नेतृत्वको गठबन्धनपछि बनेको एमालेसहितको समीकरण बने पनि टीआरसीसम्बन्धी विधेयक संसद्मा थन्किएको छ । दुवै गठबन्धनका प्रधानमन्त्री पुष्पकमल दाहालले शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने आफ्नो प्रमुख प्राथमिकतामा भएको बताए पनि अघि बढ्न सकेको छैन । एमाले, माओवादीको सहकार्य सुरू भएपछि टीआरसीमा एमाले लचिलो देखिए पनि कांग्रेसले चासो नदेखाएका कारण संसद्मा थन्किएको छ । एमालेले पीडितलाई केन्द्रमा राखी टीआरसी विधेयक अघि बढाउनु पर्ने भन्दै कांग्रेस, माओवादी गठबन्धन सरकारले अघि बढाउन खोज्दा रोकेको थियो । तर फागुन तेस्रो साता सत्ता समीकरण बनेपछि एमाले टीआरसी विधेयक अघि बढाउन तयार देखिएको छ ।

तर कांग्रेस २१ फागुनमा एमाले टीआरसीमा नजिक भएर सत्तामा पुगे जस्तै यसपटक कांग्रेस पनि सत्तामा जान खोजिरहेको कतिपयको टिप्पणी छ । यस्तै प्रवृत्तिले न्याय खोजिरहेकाहरू तड्पिरहेका छन् । परिणाममा शान्ति प्रक्रियाका बाँकी काम सत्य निरूपण गरी पीडितलाई न्याय दिने, गम्भीर मानव अधिकार उल्लंघन गर्नेलाई सजाय दिने, बेपत्ता नागरिकको छानबिन गर्नेलगायतका विषय भने झण्डै दुई दशकसम्म बाँकी छन् । शान्ति प्रक्रिया टुंग्याउने विषयलाई प्रमुख दलको राजनीतिक स्वार्थका कारण अधुरो राखे न्याय पर्खिरहेकाहरू थप पीडित हुनेछन् । त्यसले ल्याउने परिणामलाई दलहरूले ख्याल गर्न आवश्यक छ ।

# बाह्य खेलमा फसेको राजनीति

*नेपाली जनतासामु अहिले दुई विकल्प मात्रै बाँकी छ । पहिलो, देशभित्र दलीय नेता वा तिनका कार्यकर्ता वा समर्थक बनेर राष्ट्रिय लुटमा सहभागिता जनाउने । दोश्रो, त्यसो गर्न सम्भव नभए वा ठिक नलागे देश छाडेर विदेश पलायन हुने ।*

अग्रलेख



● कृष्ण बेलबासे


देशको राजनीतिले निकृष्टताको पराकाष्ठा नाघेको छ । यतिबेला राजनीतिलाई सकारात्मकरूपमा हेर्न सकिने अवस्था नै छैन । राजनीति छुद्रता र नीचताको तल्लोस्तरसम्म पुगिसकेको छ । हिजो राजनीतिलाई आदर्श प्रेरित, राष्ट्र र जनसेवामूलक एवम् त्याग र बलिदानीपूर्ण कार्य/विषयको रूपमा हेरिन्थ्यो । तर, अब राजनीति लगानी र योगदान बिना कमाउने धन्दा बन्न पुगेको छ । त्यसका निम्ति राष्ट्र एवम् जनविरोधी, आपराधिक सोचयुक्त, नैतिकताविहीन विदेशी दलालहरू मात्र योग्य पात्र मानिन्छन् । त्यसो हुन सक्यो भने खोक्रो नारा र झुट्टा आश्वासनको भरमा जनताको सोचमा भ्रम पैदा गरेर राजनीतिक कर्तुतहरू जारी राख्न सम्भव हुन्छ ।

हुनत यतिबेला राजनीति मूल्यहीनता विश्वव्यापी अभियान बन्न पुगेको छ । संसदीय प्रणालीको जन्मदाता बेलायत, अध्यक्षात्मक प्रणालीको जन्मदाता अमेरिका र मिश्रित प्रणालीको जन्मदाता फ्रान्सको अवस्था पनि त्यति बिघ्न सन्तोषजनक रहेको पाइँदैन । तापनि राजनीतिक स्तरहीन दक्षीण एशियाली मुलुकहरूको तुलनामा अन्य मुलुकमा अलि कम देख्न पाइन्छ । राजनीतिमा देखापरेको यो दुरावस्थाले अब राजनीतिक व्यवसायीहरूको नियत र व्यवहारमा मात्र नभएर राज्यकै औचित्यता र अस्तित्वमा समेत प्रश्न उठ्न थालिसकेको छ ।

अब यहीँनेर केही प्रश्नहरू उठ्न सक्छन्, नेपालको राजनीतिले यो गति लिनुको कारण के होला ? के अब राजनीतिको यो अवस्थामा सुधार सम्भव छ त ? यदि सम्भव नभए त्यसको परिणाम कस्तो निस्केला र सम्भव भए के-कस्ता उपायहरू अपनाउनु पर्ला ? निश्चय पनि, राजनीतिलाई यो गतिमा पुऱ्याउने कुरामा पश्चिमाहरूको कथित उत्तरआधुनिकता र नवउदारवादी सोच जस्ता कुराहरू जिम्मेवार रहेका छन् । हुनत पश्चिमाहरूलाई ज्ञान एवम् विज्ञानका प्रणेता एवम् दाता ठान्ने गरिन्छ । यसबारे के कुरा चाहिँ सही हो भने हामीले ज्ञान, विज्ञान र विचार/वादको नाममा यतिबेला जे-जस्ता कुराहरू सिकेका र अनुकरण गरेका छौं, ती सबै पश्चिमा उपज नै हुन् । तर, यथार्थ चाहिँ के हो जस्तो लाग्दछ भने ज्ञानको प्रारम्भिक श्रोत पूर्वीय दर्शन नै रहेछ । पश्चिमाहरूले पूर्वीय दर्शनबाट ज्ञान प्राप्त गरेपछि त्यसभित्रका सकारात्मक पक्षहरूलाई अवलम्बन गर्दै आफ्नो ज्ञानको गतिलाई नयाँ दिशा दिने काम गरे, त्यसभित्रका नकारात्मक/कमजोर पक्षहरूलाई पूर्वीय दर्शनको विशेषता हो भनी प्रचारमा ल्याउने कार्य गरे । पूर्वीय दर्शनका उद्गमस्थल रहेका मुलुकहरूमा पश्चिमाद्वारा सृजित यस किसिमको छलकपटपूर्ण व्यवहारलाई समयमै प्रतिवाद गरेर आफ्नो ज्ञानलाई संरक्षण गर्दै गतिशीलरूपमा अगाडि बढाउने कुराले केही अपवादात्मक घटना बाहेक निरन्तरता पाउन सकेन । बरु उल्टै पहिले मुस्लिम त पछि ईसाइको हस्तक्षेपद्वारा पूर्वीय दर्शनका मूल श्रोतहरूलाई ध्वस्त तुल्याउने कामसँगै गलत व्याख्या र झुट्टा प्रचारबाजीद्वारा दर्शनको औचित्यलाई प्रयोजनहीन सावित गर्ने कार्य गरियो । यस किसिमका कार्यहरूको प्रयोगस्थल मूलरूपमा भारत रह्यो ।

पश्चिमाहरूले पूर्वीय दर्शनलाई फगत धार्मिक श्रोतको रूपमा मात्र प्रमाणित गर्ने कार्य गरे । पश्चिमाहरूले यी सबै कार्यहरू राजनीति र शासकीय हर्कतका बलमा शैक्षिक अवस्था/व्यवस्थामा सुधारको माध्यमद्वारा सम्भव तुल्याए । उनीहरूले पूर्वीय मुलुकहरूको संस्कृतिलाई ध्वस्त तुल्याउँदै यहाँका जनताहरूको मानसिकतासँगै साधन श्रोतहरू माथि कब्जा जमाउन पुगे । फलतः पूर्वीय दर्शनले दुर्गति व्यहोर्दै जानुपऱ्यो । परिणाम, हिजो सत्कर्म, संस्कृति र नैतिकतालाई ज्ञानका प्रमुख आधार मान्ने पूर्वीय चिन्तकका सन्ततिहरू आज विज्ञ, आधुनिक र उदारवादी बन्ने नाममा आफ्नो कर्म, संस्कृति, नैतिकता र सामाजिक सद्भावलाई लत्याएर लुटेरा, छाडा र अमर्यादित बन्दै पश्चिमाहरूका खुला दलाल बन्न पुगेका छन् । उनीहरूले साम्यवाद, समाजवाद, प्रजातन्त्र र उदारवाद जुनसुकै राग अलापे तापनि त्यो समर्पणवाद बाहेक केही फरक साबित हुन सकेको छैन ।

नेपाली जनता सामु अहिले दुई विकल्प मात्र बाँकी छ । पहिलो, देशभित्र दलीय नेता वा तिनका कार्यकर्ता वा समर्थक बनेर राष्ट्रिय लुटमा सहभागिता जनाउने दोश्रो, त्यसो गर्न सम्भव नभए वा ठिक नलागे देश छाडेर विदेश पलायन हुने । यहीँनेर एउटा मननीय कुरा, देश छाडेर विदेशमा गई बसोबास गर्ने वा त्यहाँको शिक्षा लिएर स्वदेश फर्किई विद्वताको ढोँग प्रस्तुत गर्ने पात्रहरूको ठूलो संख्या देशमा राजनीतिक बलमा लुट कर्म गरेर धनोपार्जन गर्नेका सन्तानहरूको समेत रहेको छ । सोसँगै राष्ट्रिय लुट मच्चाएर आर्जित सम्पत्ति विदेशी बैंकमा जम्मा गर्नेहरूको संख्या पनि कम छैन भन्ने बुझिन्छ । दलायन वा पलायन यी दुवैमध्ये कुनै एक मार्गलाई अवलम्बन नगरी देशमा बसेर जिविका चलाउन चाहनेहरूले आफूलाई असहाय एवम् असुरक्षित महसुस गर्नुपर्ने अवस्था रहेको छ ।




*देशको जतिसुकै उच्च पदमा नियुक्त व्यक्ति किन नहोस्, ऊ विदेशी मुलुकको दलाली गर्न लालायित हुन्छ । निकै तल झरेर दलाली गर्छ । यस्ता दास प्रवृत्तिको पात्रसँग अर्को देशले कसरी सम्मानपूर्वक व्यवहार गर्न सक्छ र ? हाम्रो मुलुकको समस्या यहीँ नै छ ।*

यो सबै लोकतन्त्रको नाममा भइरहेको छ । हुनत, देशमा ब्रह्मलुट मच्चाउनेमा राजनीति गर्नेहरू मात्र नभएर व्यापारी, उद्योगपति र अन्य क्षेत्रका विशिष्ट भनाउँदाहरू समेत छन् । तर, तिनीहरूले आफ्नो लुटकर्मलाई कथित राजनीति कर्मीहरूलाई लोभको जालमा फसाएर त्यसकै बलमा सञ्चालन गर्ने गरेका छन् । यसरी 'सेवा' होइन, 'नाफा' यतिबेलाको राजनीतिको मूल आदर्श र उद्देश्य हुन पुगेको छ । यो विकृति राजनीतिकर्मीसम्म मात्र सीमित नरहेर प्रशासक, न्यायकर्मी, सुरक्षाकर्मी, मिडियाकर्मी, शिक्षक-प्राध्यापकहरू सम्म पुगेको छ । यसो हुनुको मूल कारण सबै क्षेत्रलाई अति राजनीतिकरण गर्नु नै हो । यी कुराको प्रमाण खोज्न खासै मेहनत गर्नु पर्दैन । यतिबेलाको राजनीतिमा हावी कथित नेता, कार्यकर्ता र तिनका समर्थकहरूको आचरण, जीवनशैली र कार्यशैलीलाई सूक्ष्मरूपमा नियाल्नु पर्याप्त हुनेछ । नपत्याए हेरौं न, यतिबेला कथित संघीय एवम् प्रान्तीय सरकारको गठन, सांसद एवम् राजनीतिक दलका नेता भनाउँदाहरूले सत्ता स्वार्थका निम्ति गर्ने गरेको गठबन्धन राजनीतिले तिनको स्तरहिनता र घटिया व्यवहारको यथार्थ स्वरूपलाई प्रमाणित गरेर देखाउँछ ।

अब यहीँनेर अर्को प्रश्न उभिन सक्दछ ? के देशको राजनीतिको वर्तमान अवस्थामा सुधार सम्भव छ त ? निश्चय पनि, देशको यो अवस्थाका निम्ति समाजलाई भ्रष्टीकृत गरेर विघटित तुल्याउने पश्चिमा शक्तिहरू नै मूल रूपमा जिम्मेवार रहेका पाइन्छन् । उनीहरूले आफ्नो उक्त उद्देश्य पूर्तिका निम्ति सर्वप्रथम पूर्वीय संस्कृतिलाई ध्वस्त तुल्याउने लक्ष्य साँधेका छन् । यसका निम्ति आफूहरूले थोपरेको गलत शिक्षा र विचारलाई गति दिने उनीहरूको लक्ष्य रहेको छ । यो कुरा बुझ्न पहिले त पूर्वीय ज्ञान र दर्शनको बारेमा अध्ययन र जानकारी हुनुपर्दछ । थपरूपमा, यतिबेला विज्ञ, आधुनिक र परिवर्तनकारी बन्ने नाममा पश्चिमाहरूको दाससम्म बन्ने लक्ष्य लिएका कुपात्रहरूको व्यवहारलाई बुझ्नु र लत्याउनु आवश्यक हुन्छ । यसका निम्ति हेरौं न, पश्चिमाहरूले आइएनजिओ, चर्च र गुप्तचर संस्थाहरूको माध्यमबाट नेपालीहरूलाई वैचारिकरूपमा मात्र नभएर व्यवहारिकरूपमा समेत स्तरहीन तुल्याएका छन् । अनि लोकतन्त्रको नाममा लुटतन्त्र थोपरिदिएका छन् । त्यसैले अब राजनीति वा शासन सञ्चालनमा कुनै मूल्य मान्यताको औचित्य छैन । मात्र एउटा मान्यताको अवलम्बन आवश्यक छ, त्यो हो, विदेशीहरू प्रतिको बफादारी । सोको माध्यमबाट उनीहरूले नेपालीहरूलाई आफ्नै देशमा भिर्त्याएर प्रत्यक्ष र देशको राजनीति र शासन व्यवस्थामा हस्तक्षेप गरेर अप्रत्यक्ष तवरबाट दास र दलाल तुल्याएका छन् । यस कुराको प्रमाणको निम्ति एकजना पूर्वप्रधानमन्त्री भनिने व्यक्तिले 'देशको अवस्था यति बिघ्न कमजोर भएको छ कि नेपालको मन्त्री/प्रधानमन्त्रीसँग विदेशी मन्त्री/प्रधानमन्त्री हात मिलाउनसम्म तयार हुँदैनन्' भनी दिएको अभिव्यक्तिलाई ध्यान दिनु आवश्यक छ । निश्चय पनि, यो कुरा सत्य हो । तर, उनले यसको दोष अरुमाथि थोपरेर मात्र पुग्दैन । यसबारे आफ्ना कर्तुतहरूको जिम्मेवारी लिँदै त्यस्ता गल्तिको निम्ति आमजनता समक्ष क्षमा याचना गर्नुपर्दथ्यो ।

देशको जतिसुकै उच्च पदमा नियुक्त व्यक्ति किन नहोस्, ऊ विदेशी मुलुकको राजदूत, गैरसरकारी संस्था र विदेशी जासूसी संस्थाको प्रमुख/जिम्मेवार सदस्य समक्ष नियमितरूपमा गोडा ढोग्न पुग्ने संस्कार रहेको छ । यसरी आफ्नो देशको राजदूत र जासूसी संस्थाको प्रतिनिधिको गोडा ढोग्ने दास प्रवृत्तिको पात्रसँग मन्त्री/प्रधानमन्त्रीले कसरी हात मिलाउन सक्दछ ? हो, समस्या यहीँनेर छ । एउटा सार्वभौम मुलुकका राजनीतिक दलको नेता/कार्यकर्ता, सरकारको मन्त्री/प्रधानमन्त्री, प्रशासक, सुरक्षाकर्मी, न्यायकर्मी, शिक्षक/प्राध्यापकलगायतका जिम्मेवार व्यक्तिहरू आफ्नो दायित्व र नैतिकतालाई बिर्सेर निहित स्वार्थपूर्तिका निम्ति विदेशीको दलाल बन्न तम्तयार रहने कुसंस्कार/प्रवृत्तिको अन्त्य नभएसम्म देशमा कायम विकृत अवस्थामा सुधार बिल्कुलै सम्भव छैन । जहाँसम्म सुधारको प्रयत्नको कुरा छ, दशकौंसम्म विदेशीको दलाल बनेर फाइदा ओगटेकाहरूको सोच र व्यवहारमा सुधार सम्भव छैन । त्यसैले अब सुधार होइन, विकल्पको आवश्यकता छ । तर विकल्पको कुरा गरिरहँदा के कुरामा ध्यान जानु आवश्यक छ भने अहिलेका राजनीतिक लुटेराहरूबाट आफ्नो स्वार्थ पूरा हुँदासम्म तिनलाई प्रयोग गरिरहने, तिनीहरू विरुद्ध जनअसन्तुष्टि बढ्दै गएमा नयाँ वैकल्पिक शक्तिको निर्माण र प्रयोग गरेर आफ्नो योजनालाई निरन्तरता दिई राख्ने योजना नेपालका दुश्मन/विरोधी शक्तिहरूको रहेको छ । त्यसैले विकल्पसमेत सहज देखिँदैन ।

यदि नेपालीहरू साँच्चै नै राष्ट्रको सार्वभौमसत्ताको रक्षा गर्दै राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने कुराप्रति सचेत र जागरुक छन् भने विदेशीको संरक्षणमा ब्रह्मलुट मच्चाइरहेका राजनीतिलगायतका क्षेत्रमा सक्रिय दलालहरूसँगै विदेशी हस्तक्षेपकारीलाई समेत खेद्ने अभियानमा लाग्नु जरूरी छ ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

राणासँग 'रैती', शाह-पञ्चसँग 'प्रजा'बाट मुक्तिको संघर्ष गरियो । अहिले दलतन्त्रका 'कार्यकर्ता', 'झोले', 'मतदाता' र 'सर्वहारा' भएका छौं- संविधानमा 'सार्वभौम'भए पनि व्यवहारमा अझै 'नागरिक' हुन बाँकी छ । अबको संघर्ष 'दलतन्त्र'बाट मुक्ति, 'नागरिकतन्त्र'को स्थापनाका लागि हो- त्यो नै 'तेस्रो जनआन्दोलन' हुनेछ ।



- रञ्जित तामाङ

राजनीतिक दल भनेका लोकतन्त्रको टेक्ने खुट्टाहरू हुन् । कुनै दलले खुट्टा गलत ठाउँमा टेक्छ भने अर्को दल रोज्न पाउने विकल्प लोकतन्त्रमा छ । दल मन नपरे स्वतन्त्र उम्मेद्वार रोज्न पाइन्छ । बालेन साह र हर्क साम्पाङ्गले 'हामी पनि लोकतन्त्रकै उपज हौं' भन्ने ख्याल गर्नुपर्छ । नगरे सकिन्छ ।



- नारायण अमृत

रवि लामिछानेले नेतृत्व गरेको रास्वपाका महामन्त्रीले देश घुमेर जे बोले, जे भनिरहेका छन् या उनको निष्कर्ष जे छ त्यसको छानबिन या समीक्षा उनको दलले गर्ला । तर, सबैभन्दा दुःख कहाँ लाग्यो भने- यही अवस्थामा रास्वपा राष्ट्रिय दल पनि बन्दैन । यो त सुखद कुरा होइन ।



- मेदिनी प्रसाइँ

पार्टीको विचार नै संवैधानिक समाजवाद बनाएर संघीयतालाई पुनर्संरचना गर्दै समाजवादसम्म पुग्न हिँडेका रास्वपा महामन्त्री संघीयता खारेज गर्नुपर्ने लाइनमा पुगेछन् । यिनले पनि रविन्द्र मिश्रले जस्तै मार्ग परिवर्तन गर्दै अहिले संघीयता खारेजी, त्यसपछि हिन्दुराज्य र अन्त्यमा राजसंस्था भन्ने भए !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | विस्तारै प्रगति हुनेछ । दाम्पत्य जीवन सुखी रहनेछ । |
| वृष | : | सन्तान सुख प्राप्त हुनेछ । आयको बाटो खुल्नेछ । |
| मिथुन | : | साहसिक कार्य सफल हुनेछ । लामो यात्राको योग छ । |
| कर्कट | : | व्यस्तता बढ्नेछ । जग्गासम्बन्धी कार्यमा लाभ हुनेछ । |
| सिंह | : | अनिर्णयको स्थितिको कारण रोकावट आउनेछ । शत्रु कमजोर हुनेछन् । |
| कन्या | : | कुनै पनि कार्यमा हतार नगर्नु होला । खर्च बढी हुनेछ । |
| तुला | : | शत्रु परास्त हुनेछन् । आत्मविश्वासमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | वाहन सावधानी राख्नुहोला । आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । |
| धनु | : | पारिवारिक अशान्तिको योग छ । आहारमा ध्यान दिनुहोला । |
| मकर | : | हतारमा कुनै निर्णय नलिनु होला । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ हुन्छ । लगानी बढ्दै जानेछ । |
| मीन | : | जोखिम भएको कार्यमा नोक्सान हुनेछ । विरोधी सक्रिय हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# समाज विकास र धर्म

विचार



● राजन तिमिल्सिना

*जबसम्म शिक्षा र चेतनाको विकास हुँदैन तबसम्म धर्मको विस्तार भइरहनेछ । श्रम नगरीकन भ्रामक कुरा गरेर पेट पाल्नु धार्मिक अतिवादीहरूको दिनचर्या हो । तीर्थस्थल र मन्दिरको दर्शन गरेमा मनोकांक्षा पूरा हुन्छ भन्नु कुतर्क मात्रै हो । यदि मन्दिरमा गएर मागेको पूरा हुने भए किन श्रम गर्नु ?*

धार्मिक अन्धविश्वास र रुढीवादमा भरपर्नु भौतिक जगत, मानव समाज र विज्ञानविरुद्धको आक्रमण हो । धर्मलाई गहिरिएर बुझ्यौ भने धर्मभित्र अज्ञानता, भय र आतंक मात्रै भेटिन्छ । धर्ममा सत्यता र सच्चाइ पाइँदैन । धर्मकै कारण संसारमा विखण्डन, विभेद, शोषण, हत्या, हिंसा र युद्ध भइरहेको कुरालाई नकार्न सकिन्न । मानिसले बनाएको मन्दिर, चर्च, मस्जिद, गुम्बा, मूर्ति र तस्विर मानिसभन्दा ठूलो कदापि हुन सक्दैन । निर्जीव ढुङ्गा पूजा गर्नुको सट्टामा गरिबीको हितमा काम गरे समाज बन्नेछ । मन्दिरमा चढाइएको भेटी भगवानको लागि होइन, पुजारीको लागि हो । प्रष्ट हुँदा हुन्छ, यदि भेटी नचढाउने हो भने मन्दिरमा पुजारी बस्दैनन् ।

जबसम्म शिक्षा र चेतनाको विकास हुँदैन तबसम्म धर्मको विस्तार भइरहनेछ । श्रम नगरीकन भ्रामक कुरा गरेर पेट पाल्नु धार्मिक अतिवादीहरूको दिनचर्या हो । तीर्थस्थल र मन्दिरको दर्शन गरेमा मनोकांक्षा पूरा हुन्छ भन्नु कुतर्क मात्रै हो । यदि मन्दिरमा गएर मागेको पूरा हुने भए किन श्रम गर्नु ?

धर्मले मानिसलाई अन्धो, अतिवादी, अहंकारी, विभेदकारी, दमनकारी, अज्ञानी, दास, पाखण्डी र मूर्ख बनाएको पाउँछौं । जसरी समाजलाई जात र समुदायको नाममा खण्डित गराइएको छ, यसलाई हेर्दा नै हामी धर्मको अवस्था बुझ्न सक्छौं । हजारौं वर्षदेखि हिन्दु, बौद्ध, इस्लाम, इसाई, सिख, कन्फ्युसियन, फारसी, यहूदी, शिन्तो, ताओ, जैन, रास्ताफेरियन, बहाइ आदि धर्म र उनीहरूका धर्मग्रन्थहरू वेद, पुराण, बाइबल, कुरान, त्रिपिटक, कल्पशास्त्र, तनखा, गुरुग्रन्थ आदिमा उल्लेखित कथाहरू काल्पनिक र आधारहीन देखिन्छन् । विभिन्न धर्मका कट्टरपन्थी पुजारी, पण्डित, पास्टर, लामा, भिक्षु, पोप, मुल्ला, प्रमुख, रब्बी, आयतोल्लाह, मुल्लाह, गुरु, सतगुरुको भूमिका समाजलाई सिर्जनशील बनाउने होइन, पछाडि फर्काउने खालको छ । हजारौं वर्षदेखि ईश्वरको खोजी भैरहेको छ तर, अहिलेसम्म कसैले ईश्वरलाई भेट्टाएको छैन । के यसको जवाफ आउनु पर्दैन ? तर, धार्मिक पाखण्ड र अन्धभक्तहरूले मानिसहरूलाई मूर्ख बनाउन र बर्बर युगमा लैजान धर्मको पासो थापी रहन्छन् ।

चरमपन्थी, अनुयायीहरूको कारण जनतालाई मूर्ख बनाउन र ठग्न सजिलो हुन्छ । यज्ञ, हवन, जप, तप, दान-दक्षिणाद्वारा मनोकांक्षा पूरा हुने र स्वर्ग-नर्कका कुरा देखाएर त्रसित बनाई ठग्ने बनिरहेको छ । धार्मिक गतिविधि फस्टाउनु मानव समाजलाई फाइदा होइन हानी पुऱ्याएको पाइन्छ । हवनको नाममा खाद्यान्न, ध्यू, तेललाई नष्ट गरी भोको पेटमाथि लात मार्नु, पर्यावरणलाई प्रदुषित पार्नु मानवजाति र प्रकृतिमाथिको कुनै कोणबाट पनि सही हुन सक्दैन । मृत्यु संस्कारमा त्रासदीपूर्ण गरुड पुराण सुनाएर क्रियापुत्रीलाई थप आहत दिनु के सही हुन्छ ?

धार्मिक अतिवादीहरू विज्ञानको विरोध गर्दै विज्ञानले आविश्कार गरेको मोबाइल, क्यामरा, नेट, कम्प्युटर, रेडियो, घडी, चस्मा, फेसबुक, युट्युब आदिको प्रयोग गर्छन् । बिरामी हुँदा मन्दिर, चर्च, मस्जिद, गुम्बा, गिर्जाघर र धामीझाँक्रीकोमा जानुको सट्टामा हस्पिटल गइ मानव अङ्गसमेत प्रत्यारोपण गर्नु धर्मको उलङ्घन र विज्ञानको समर्थन होइन र ? यदि धर्म ठूलो हो भने आफ्ना छोराछोरी गुरुकुल, मदरसा, चर्च, आश्रम, बौद्धबिहारमा पठाउनुको सट्टा स्कुल कलेज किन पठाइरहेका छन् ? यस्ता अन्धभक्त पाखण्डबाट माथि उठ्नैपर्छ । धार्मिक कथाहरूमा अल्झनु कदापी सही होइन । त्यसलाई परीक्षण गरिनै पर्छ । आजको शताब्दीमा पनि भौतिक जगत, मानव समाज, प्रकृति र विज्ञानका सामान्य ज्ञान नभएका मानिसको जीवन पशुतुल्य हो ।

मध्यान्ह
www.madhyanhadaily.com
१४ असार २०८१, शुक्रबार
28 June 2024, Friday

# बक्स अफिस समाचार

## कर्णालीमा पहिलो पटक 'कर्णाली सांस्कृतिक सम्मेलन' हुँदै

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १३ असार

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा 'प्रथम कर्णाली सांस्कृतिक सम्मेलन-२०८१' आयोजना हुने भएको छ । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, कर्णाली प्रदेश र वीरेन्द्रनगर नगरपालिका सुर्खेतको संयुक्त आयोजना तथा रेडपाण्डा ग्रुप अफ कम्पनीजको व्यवस्थापन र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति, सुर्खेतको सांस्कृतिक संयोजनमा सांस्कृतिक सम्मेलन आयोजना हुन लागेको हो ।

असार १४ र १५ गते मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयको सभा हल, कुइनेपानी, सुर्खेतमा आयोजना हुने राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल प्रदेश कार्यसमिति, कर्णालीले बिहीबार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ । सम्मेलन बिहान ११ बजेदेखि शुरु हुने पनि आयोजकले बताएको छ ।

कर्णालीका मौलिक लोक, कला संस्कृति संरक्षण सम्वर्द्धनको विषयमा यो सम्मेलनले योगदान दिने प्रतिष्ठानको अपेक्षा रहेको छ ।

सम्मेलनको उद्देश्य सम्बन्धित विषय विज्ञसँग अन्तरक्रिया कार्यक्रम गरी कर्णालीको सांस्कृतिक दस्तावेज तयार गर्ने, कर्णालीको वैभव कर्णाली सभ्यता, संस्कृत सम्बन्धमा नयाँ पिढीलाई जानकारी गराउने र यसको जगेर्ना गर्नु उत्प्रेरित गर्ने, वीरेन्द्रनगर नगरपालिकाको स्थानीय पाठ्यक्रममा कर्णालीका संस्कृति समावेश गर्न विषयवस्तु संकलन गर्नेलगायतका रहेका छन् । सांस्कृतिक सम्मेलनमा तीन वटा सेशनहरु सञ्चालन हुने प्रतिष्ठानले जानकारी गराएको छ । जसमा प्राकृत नेपाली भाषा कर्णाली सभ्यताबारे छलफल हुनेछ । जागेश्वर नेपालले सहजीकरण गर्ने यस छलफलमा डा. जीवेन्द्र देव गिरी, डा. महेन्द्र कुमार मल्ल, पण्डित तिलक रिजाल र खडानन्द चौलागाईं वक्ता रहने प्रतिष्ठानले जनाएको छ ।

यस्तै सम्मेलनमा कर्णालीको संस्कृतिबारे चर्चा हुनेछ । नारायण तिमिल्सेनाले सहजीकरण गर्ने यस छलफलमा मोतिराज बम, ओम रिजाल र वसन्ती शाही वक्ता रहने प्रतिष्ठानले बताएको छ । प्रतिष्ठानका अनुसार कर्णालीको संस्कृति नेपालमा र नेपालको संस्कृति विश्वमाबारे पनि चर्चा हुनेछ । उत्तम शर्माले सहजीकरण गर्ने यस छलफलमा जोगेन्द्र के.सी., रिता थापा मगर, प्रेमदेव गिरी र कृष्णराज धमला वक्ता रहनेछन् ।

यस्तै सम्मेलनमा गंगा के.सी., भिम बहादुर कार्की, राधिका मल्ल, गणेशभक्त गौतम र कुलमान नेपालीले कथा वाचन गर्ने प्रतिष्ठानले जनाएको छ ।

यस्तै सम्मेलनमा सांस्कृतिक प्रस्तुतिको आकर्षण पनि रहनेछ । जसमा मयुर नाच, हुड्के नाच, भ्याउरे नाच, सोरठी नाच, टप्पा नाच, कौरा नाच, देउडा खेल, एकल गायन, सुमधुर सांगीतिक साँझ (दोहोरी) तथा कर्णालीका दश वटै जिल्लामा रहेका मौलिक कला सांस्कृतिक प्रस्तुति रहने प्रतिष्ठानले बताएको छ ।



यस्तै सम्मेलनमा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष रिता थापा, उपाध्यक्ष कृष्ण रेउले, सचिव उत्तम शर्मा, सदस्य खड्क बहादुर चन्द र सदस्य राजु के.सी.ले प्रशिक्षण दिने कार्यक्रम पनि रहेको प्रतिष्ठानको भनाइ छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०१/०३ मा दर्ता कायम भएका **रेणु होटल एण्ड खाजाघर प्रा.लि. (प्रा.लि. नं. १६७१२९)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०२/१३ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय, ईजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं मोवाईल नं. ९८४१३६९७७१**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०७/०४ मा दर्ता भएको **प्रा.लि.नं. ३०१२२२** को **कोन्जे नेपाल प्रा.लि.** को मिति २०८१/०२/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: गोपाल दत्त पाण्डेय, इजाजत पत्र नं. ४१०**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८६००६०३१७**

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **लक्की ओभरसिज प्रा.लि. (इजाजत पत्र नं १३८/०५५/०५६)** मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं. | कर्मचारीहरुको पद |
|---|---|---|---|
| १ | नानु पराजुली | ३०१०७७ | रिसेप्सनिस्ट |
| २ | यमुना कुवर | ३९२४ | किचेन हेल्पर |

**लक्की ओभरसिज प्रा. लि.**
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
श्रम इजाजत नं. १३८/०५५/०५६

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **PEOPLE HRS (P) LTD** श्रम इजाजत पत्र न. १४७५/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|
| १. | दिपेश खड्का | २५-०१-७४-०४६०१ | विदुर, नुवाकोट |

**PEOPLE HRS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org
Gov. Lic No. 1475/074/075

### यूनाईटेड सिमेन्ट्स लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३२, चारखाल रोड, काठमाडौं
फोन नं : ०१-४४३९४५८

#### विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०३/१४**

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८१/०३/०२ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा, सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, स्थान र समय :**
मिति : २०८१ साल असार १९ गते, बुधबार तदनुसार ३ जुलाइ, २०२४)
स्थान: यूनाईटेड सिमेन्ट्स लिमिटेडको कार्यालय, चारखाल रोड, काठमाडौं
समय: दिउसो २:०० बजे

२. **छलफलका विषयहरु :**
(क) विशेष प्रस्तावहरु :
१. प्रबन्धपत्र को दफा ६ (क र ख) मा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।
२. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### अत्यन्त जरुरी सूचना

**मुनलाईट इन्टरनेशनल प्रा.लि. (लाइसेन्स नं. ९७/५३/५४)** को नामको बोर्ड राखेर काठमाडौंका विभिन्न ठाउँ र उपत्यका बाहिरसमेत गैरकानूनीरूपमा कार्यालय खडा गरी कम्पनीको बद्नाम गराउन र वैदेशिक रोजगारमा जाने श्रमिकलाई भ्रममा पारी ठगी गर्ने उद्देश्यले यो कार्य गरेको सुनिन आएको छ । मुनलाईट इन्टरनेशनल प्रा.लि. ललितपुरको हरिहरभवनमा रहेको र यसका कुनै पनि शाखा कार्यालय नरहेको कुरा यसै सूचनामार्फत प्रष्ट पार्छु । आधिकारिक कम्पनी बाहेकको अनधिकृत व्यक्ति र मेरो कम्पनीको नाम राखेर गरिएको कुनै पनि कामकाजमा मेरो र मेरो कम्पनीको संलग्नता नरहेको जानकारी गराउँदछु । यस्ता अनधिकृत कामबाट कोही कसैमा हानी नोक्सानी भएमा म जिम्मेवार हुने छैन ।

**पार्वती खड्का**
**सञ्चालक**

**मुनलाईट इन्टरनेशनल प्रा. लि.**
इजाजत नं. ९७/०५३/०५४ हरिहरभवन, ललितपुर, नेपाल

### अमरगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१।०३।१४**

यस कार्यालयको देहायबमोजिमको निर्माण कार्यका लागी दोस्रो पटक थप भएको म्याद समेत गरी मिति २०८१ जेष्ठ मसान्त सम्ममा सम्पन्न गरी सक्नुपर्ने भएतानि सो निर्माण कार्य सम्पन्न गर्न पटकपटक पत्राचार गरिएकोमा हालसम्म पनि निर्माण कार्य सम्पन्न नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र तत् सम्बन्धी नियमाबली २०६४ बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउनु पर्ने भएकाले कारवाही प्रक्रिया अगाडी नबढाउनु पर्ने आवश्यक कानूनी आधार एवम लिखित प्रतिक्रिया सहित ३ (तिन) दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**देहाय:**

| निर्माण कार्यको नाम | निर्माण ब्यबसायीको नाम र ठेगाना | बोलपत्र नं. | सम्झौता मिति |
|---|---|---|---|
| अमरगढी पार्क पर्यटन पुर्वाधार निर्माण कार्य वडा न. ०२, डडेल्धुरा | श्री इन्द्रायणी बिल्डर्स एण्ड सप्लायर्स, के.एम.सि. १० नयां बानेश्वर, काठमाडौं | AM/DDL/WORKS/NCB/01-2079/80 | २०७९ माघ १६ |

**प्रमुख प्रशासकीय अधिकृत**

### नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०८/०७ मा दर्ता भएको **प्रा.लि.नं. २७७६८२** को **एक्स.वाइ.गेम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०३/१४**

**एन.जि.ज्वेलर्स प्रा.लि.**को मिति २०८१/०२/२४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निलम ज्वेलरी सप प्रा.लि. (प्रा.लि. नं.: २७७०५८)** कायम गर्ने गरी मिति २०८१/०३/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### BAHRAIN मा रोजगार

कम्पनी : AMBALI CLEANING AND CONTRACTING
शहर: MANAMA

पूर्व स्वीकृत मिति: २०८०/०९/०४ चलानी नं.: ६०२११८४० L.T. No.: 296824 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/Worker | 3 | 0 | स. काममा दक्ष | 100 | ३५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WESTON CLEANING शहर: MANAMA

पूर्व स्वीकृत मिति: २०८०/०४/२६ चलानी नं.: ६०२०६०१६ L.T. No.: 290753 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 7 | 0 | स. काममा दक्ष | 100 | ३५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ERA CONSTRUCTION WLL शहर: MANAMA

पूर्व स्वीकृत मिति: २०८०/०९/०६ चलानी नं.: ६०२११९५२ L.T. No.: 296896 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/worker | 23 | 0 | स. काममा दक्ष | 100 | ३५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २१ गते (5 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.**
सामाखुसी (रिङरोड), काठमाडौं Tel: 4986106,4987183 Mobile: 9841596513, 9813492755
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm
इजाजत पत्र नं. ८३८/०६६/०६७

### कुवेतमा रोजगार

कम्पनी: BASSEL AL ARAB CO TO DELIVER CONSUMER ORDERS
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८१/०२/१६ चलानी नं.: ६०२२०२२६ L.T. No.: 305520 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 51 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 0 | 3 | | 100 | ४३,४८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २१, २२, २४ र २६ गते (5, 6, 8 & 10 July 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता एभरेष्ट ड्राइभिङ स्कूल, पोखरामा २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता बिजी ड्राइभिङ स्कूल, काठमाडौंमा २०८१ असार २५ गते (9 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369
Mobile: 9813033715 | 9851315449 | 9827549952, Pokhara: 9816172845
Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com
Gov. Lic No. 1045/073/074

### साउदीमा रोजगार

कम्पनी : AL RAWAF CONTRACTING COMPANY IS A ONE PERSON COMPANY
शहर : SAUDI

पुर्व स्वीकृत मिति: २०८०/०५/१३ चलानी नं.: ६०२०७०१६ LT. No.:291867 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २१ गते (5 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८.
श्रम इजाजत नं. ६७२/०६३/६४

### UAE मा रोजगारको अवसर

कम्पनी : CAPE EAST LIMITED LLC
शहर: ABU DHABI

पुर्व स्वीकृत मिति: २०८०/०५/०३ चलानी नं.: ६०२०६४९५ L.T. No.: 291371 पून विज्ञापन

